योजनाहरु समावेश गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । त्यसरी प्राथमिकतामा नपरेका योजनाहरुलाई योजना बैंकमा समावेश गरी अन्य दातृ निकायहरुसँग समन्वय गर्दै श्रोतको व्यवस्था मिलाई संचालन गर्न प्राथमिकतामा राखिने तथा आगामी आ.व. हरुमा समेत क्रमशः कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अनुरोध गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरु,

उल्लेखित बजेट एवं योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत र कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकताअनुसार सरकारी, गैर सरकारी संघसंस्था, निजीक्षेत्र, नागरिक समाज, सहकारी र उपभोक्ता समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्याङ्कनको आवश्यक व्यवस्था मिलाईनेछ । जसबाट बजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रबर्द्धन हुने विश्वास गरेको छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा गाउँपालिकाका सबै पदाधिकारी ज्यूहरुको सक्रिय सहभागिता र पृष्ठपोषण हाम्रा लागि महत्वपूर्ण रहयो । विकासप्रतिको एकता, संवेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी सरोकारवाला निकायबीच रहेको उच्चस्तरीय समन्वय र समझदारी हाम्रा लागि कार्य सफलताको कडी बन्यो । यस प्रति हामी सदैव कृतज्ञ छौ । यसखालका उदाहरणीय सहयोगको लागि रोशी गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्त तथा अमूल्य समयको बाबजुद यस कार्यक्रममा पाल्नु भएका गाउँपालिकाका सदस्यज्यूहरु, कर्मचारीहरु, सरोकारवाला सवैमा हामी आभारी छौं । गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका सबै चरणहरुमा सहभागी हुनु हुने सबैप्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि



सम्बद्ध सबै पक्षबाट सदाझैं निरन्तर सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने सबै पदाधिकारी ज्यूहरु, विषयगत निकाय, गाउँपालिकाको कार्यालयमा कार्यरतसम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै गरिमामय यस सभामा उपस्थित सबै विशिष्ट महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा भएका कमी कमजोरी प्रति क्षमायाचना माग्दै स्वच्छ सफा हराभरा सुशासन युक्त रोशीको अनुभूति सवै क्षेत्रबाट हुने आशाका साथ रोशी गाउँपालिकाको तेस्रो गाउँ सभामाबजेट तथा कार्यक्रमको प्रस्तुति यही अन्त्य गर्दछु ।

धन्यवाद ।

लक्ष्मी कुमारी वर्तौला उप्रेती
उपाध्यक्ष
आषाढ १०, २०७५